**गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल** **नेपाल नगरपालिका संघ**

२०८३।०१।०४

**श्री नगर प्रमुखज्यू, सबै महा/उपमहा/नगरपालिकाहरु**
**श्री अध्यक्षज्यू, सबै गाउँपालिकाहरु**

**विषय: विद्यालय सञ्चालनमा सुझाव दिइएको सम्बन्धमा।**

प्रस्तुत सन्दर्भमा नेपाल सरकारको निर्णयानुसार २०८३ को शैक्षिक सत्र बैशाख १५ बाट शुरु गर्ने निर्णयको कार्यान्वयनमा केही अन्यौलता र शैक्षिक गतिविधिमा असर परिरहेको विषयमा हिजो मिति २०८३।०१।०४ गते दुवै संघ/महासंघको तर्फबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूसहित मन्त्रालयको उच्चपदस्त अधिकारीसँग भेट गरी ध्यानाकर्षण गराउँदै सहजीकरणको लागि अनुरोध गरिएको छ।

भेटका अवसरमा विश्व बजारमा भैरहेको पेट्रोलियम पदार्थको अभाव र चर्को मुल्य बृद्धिका कारण हाललाई शैक्षिक सत्र शुरु हुने समय केही पर सार्ने, भर्ना नगरी पठन पाठन नगर्न सम्मानित सर्वोच्च अदालतले दिएको आदेशका कारण बैशाख १५ देखि २१ सम्म (एक हप्ता) भर्ना अभियान सञ्चालन गर्ने र बैशाख २१ बाट पठनपाठन शुरु गर्न परिपत्र गरिएको मन्त्रालयको तर्क रहेको पाइयो।

विद्यालय शिक्षा सञ्चालन र नियमनको एकल जिम्मेवारी संबिधानले स्थानीय सरकारलाई दिएको कारण यस्ता विषयमा निर्णय लिदा र परिपत्र गर्दा तहगत सरकारकाबीचमा आवश्यक समन्वय हुनुपर्ने र परिपत्रको आधारमा विद्यालय शिक्षा सञ्चालन नगरी यथाशिघ्र संसदबाट संघीय शिक्षा ऐन जारी गर्ने कार्यमा प्राथमिकता दिन ध्यानाकर्षण गराईएको छ।

शैक्षिक सत्र र पठनपाठन ढिलो गरी शुरु गर्ने र आइतवार समेत विदा दिने निर्णयले विद्यालय खुल्ने समयलाई धेरै साँघुर्याइदिएको, यस बिचमा विद्यार्थी र अभिभावकमा अन्यौलता देखिएको, संस्थागत विद्यालयले भर्ना शुरु गरिसकेको अवस्था, सामुदायिक विद्यालयका विद्यार्थीलाई संस्थागत विद्यालयले आकर्षित गर्ने सम्भावना पनि त्यतिकैं रहेकोले सामुदायिक विद्यालयको शैक्षिक अवस्था झन चुनौतीपूर्ण हुने अवस्थालाई गम्भिरतापूर्वक उठाइएको छ।

तसर्थ, विद्यालय शिक्षा सञ्चालनसम्बन्धी स्थानीय सरकारको जिम्मेवारीअनुसार निर्माण भएका स्थानीय कानुन, स्थानीय परिवेश, आवश्यकता तथा अभिभावकसँगको परामर्शका आधारमा भर्ना प्रक्रिया सुरु गरी पठनपाठन सुचारु गर्न सबै गाउँ/नगरपालिकाहरूलाई अनुरोध गरिन्छ।

विद्यालय सञ्चालनका लागि न्यूनतम मापदण्ड नेपाल सरकारले निर्धारण गर्ने भए पनि, ती मापदण्डभन्दा उच्च गुणस्तर कायम गर्ने उद्देश्यले स्थानीय सरकारले गर्ने कुनै पनि असल कार्यलाई कुनै कानुनी अवरोध नहुनेतर्फ विश्वस्त रहन सबैमा हार्दिक आग्रह गर्दछौं।


................................
**लक्ष्मीदेवी पाण्डे**
अध्यक्ष
गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल

................................
**भीमप्रसाद ढुङ्गाना**
अध्यक्ष
नेपाल नगरपालिका संघ